(झ) पाँच विकास क्षेत्रबाट –

(१) पूर्वान्चल क्षेत्रबाट सोलुखुम्बुको श्री नुर्बु वाङटो शेर्पा – सदस्य

(२) मध्यमान्चल क्षेत्रबाट दोलखाको श्री माधवमणि राजभण्डारी– ”

(३) पश्चिमान्चल क्षेत्रबाट गोरखाको श्री बुद्धिप्रसाद श्रेष्ठ– ”

(४) मध्यपश्चिमान्चल क्षेत्रबाट डोल्पाको श्री ओमबहादुर बुढा– ”

(५) सुदूरपश्चिमान्चल क्षेत्रबाट दार्चुलाको श्री दीपकसिंह वोहरा– ”

(ञ) लामाहरूको तर्फबाट बुङकुलुङ खुम्बा, ताप्लेजुङको श्री पेमा-ठिलेन शेर्पा– ”

(ट) दुर्गम क्षेत्र विकास समितिका सह-सचिव श्री हेमन्त खरेल– सदस्य सचिव

माथि खण्ड (झ) र (ञ) बमोजिमका सदस्यहरूको पदावधि चार (४) बर्षको हुनेछ।

आज्ञाले,
पद्‌मराज सुवेदी
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### वन पैदावार विकास समिति (गठन) (तेश्रो संशोधन) आदेश, २०४७

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "वन पैदावार विकास समिति (गठन) (तेश्रो संशोधन) आदेश, २०४७" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधन: वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छः–

४२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"२. परिभाषाः यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत सागरनाथ वन विकास परियोजना र नेपालगञ्ज वन विकास परियोजना सम्झनुपर्छ ।"

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उपदफा २ को सट्टा देहायको उपदफा २ राखिएको छः–

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय – अध्यक्ष
(ख) महानिर्देशक, वन विभाग – सदस्य
(ग) प्रतिनिधि, अर्थ मन्त्रालय – सदस्य
(घ) प्रतिनिधि, नेपाल वन उद्योग संघ – सदस्य
(ङ) प्रमुख, वन पैदावार विकास समिति – सदस्य-सचिव

४. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ कोः–

(१) उपदफा (१) झिकिएको छ ।

(२) उपदफा (२) को खण्ड (च), (छ), (ज) र (झ) को सट्टा देहायको खण्ड (च), (छ), (ज), (झ), (ञ) र (ट) राखिएका छन्ः–

(च) वृक्षारोपणको लागि छुट्याइएको वन क्षेत्रमा रहेको वन पैदावार हटाई सो हटाउँदा लागेको लागत खर्च लिई उक्त वन पैदावार श्री ५ को सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्ने ।

(छ) परियोजनाले आफैले वृक्षारोपण गरी हुर्काएका रूखहरू समय समयमा छाँट्ने, कटान गर्ने र सोबाट निस्कने काठ दाउराको मूल्य प्रत्येक बर्ष श्री ५ को सरकारबाट स्वीकृत गराई सो काठ दाउरा श्री ५ को सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्ने । श्री ५ को सरकारले तोकेको निकायले लिन नचाहेको काठ दाउराहरू लिलाम गरी बिक्री-वितरण गर्ने ।

(ज) वृक्षारोपण क्षेत्रमा परियोजनाले उत्पादन गरेका मसलाको तेल र टाँगिया कार्यक्रम अन्तर्गत उत्पादन गरिएको अन्य पैदावारहरू बिक्री-वितरण गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) वृक्षारोपण गरी हुर्काइएका रूखहरूबाट विद्युत् तथा टेलिफोन प्रसारण लाइनको लागि उपयुक्त हुने किसिमका काठका लठ्ठाहरू उत्पादन गरी बिक्री-वितरण गर्ने ।

(ञ) वृक्षारोपण क्षेत्रको झारपात तथा रूखका हाँगा बिंगा, जरा र ठूटाहरूबाट गोल तथा बृकेट उत्पादन गरी बिक्री-वितरण गर्ने ।

(ट) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

(३) उपदफा (३) को खण्ड (च) र (छ) को सट्टा देहायको खण्ड (च), (छ), (ज), (झ), (ञ) र (ट) राखिएका छन्ः–

(च) वृक्षारोपणको लागि छुट्याइएको वन क्षेत्रमा रहेको वन पैदावार हटाई सो हटाउँदा लागेको लागत खर्च लिई उक्त वन पैदावार श्री ५ को सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्ने ।

(छ) परियोजनाले आफैंले वृक्षारोपण गरी हुर्काएका रूखहरू समय समयमा छाँट्ने, कटान गर्ने र सोबाट निस्कने काठ दाउराको मूल्य प्रत्येक वर्ष श्री ५ को सरकारबाट स्वीकृत गराई सो काठ दाउरा श्री ५ को सरकारले तोकेको निकायलाई हस्तान्तरण गर्ने । श्री ५ को सरकारले तोकेको निकायले लिन नचाहेको काठ दाउराहरू लिलाम गरी बिक्री–वितरण गर्ने ।

(ज) वृक्षारोपण क्षेत्रमा परियोजनाले उत्पादन गरेका मसलाको तेल र टाँगिया कार्यक्रम अन्तर्गत उत्पादन गरिएको अन्य पैदावारहरू बिक्री–विवरण गर्ने ।

(झ) वृक्षारोपण गरी हुर्काइएका रूखहरूबाट विद्युत् तथा टेलिफोन प्रसारण लाइनको लागि उपयुक्त हुने किसिमका काठका लठ्ठाहरू उत्पादन गरी बिक्री-वितरण गर्ने ।

(ञ) वृक्षारोपण क्षेत्रको झारपात तथा रूखका हाँगा बिंगा, जरा र ठूटाहरूबाट गोल तथा बृकेट उत्पादन गरी बिक्री-वितरण गर्ने ।

(ट) परियोजनाको कार्यान्वयनको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. मूल आदेशको दफा ६ मा संशोधनः मूल आदेशको दफा ६ को उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राखिएको छः–

६९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१क) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि परियोजनाको छुट्टा छुट्टै खाता हुनेछ र परियोजनाको आम्दानी आफ्नो आफ्नो खातामा जम्मा गरिनेछ । परियोजनाको खर्च आफ्नो आफ्नो खाताबाट व्यहोरिनेछ ।"

६. मूल आदेशको दफा ८ मा संशोधनः मूल आदेशको दफा ८ मा रहेका "वा उप-समिति वा उप-समितिको कुनै सदस्य वा" भन्ने शब्दहरू झिकिएका छन् ।

७. मूल आदेशको दफा १२ मा संशोधनः मूल आदेशको दफा १२ मा रहेका "वन मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "वन तथा भू-संरक्षण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

८. खारेजीः मूल आदेशको दफा ५ र १० खारेज गरिएका छन् ।

आज्ञाले,
डा. पुरुषोत्तमनारायण सुवाल
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।